२०७० जेठ २८ गते

सम्माननीय अध्यक्ष ज्यू
मन्त्रीपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**विषय : ज्ञापनपत्र**

उपरोक्त सम्बन्धमा यही जेठ २४ गते साँझ रौतहट जिल्ला पिपरिया दोस्तिया-८, भिङडावरका गैर दलित समुदायले जातीय भेदभाव तथा छुवाछूतका कारण दलित बस्तीमाथि सामुहिक रुपमा आक्रमण गरेको घटनाप्रति दलित नागरिक समाजको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त अमानवीय तथा गैर कानुनी कार्यको हामी घोर भर्त्सना गर्दै सम्माननीय अध्यक्षज्यूको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

२०७० साल बैशाख ३१ गते स्थानीय झमक रामको छोरा उमेशको विवाहको सन्दर्भमा मन्दिरमा पूजा गर्न जाँदा गैर दलित समुदायबाट अवरोध खडा गरी कुटपिट समेत भएको र पीडितले सो विषयमा प्रहरीमा जाहेरी दर्ता गरेको विषयलाई लिएर सामुहिक रुपमा सिंगो दलित बस्तीमाथि आक्रमण गरिएको छ । आक्रमणबाट करिब ६५ घरपरिवार भन्दा बढी दलित वस्तीमा तोडफोड एवं लुटपाट भएको र कुटपिटबाट झण्डै १८ जना दलित समुदायका मानिस घाइते भएका छन् भने जीवन असुरक्षाका कारण कतिपय परिवारहरु विस्थापित भएका छन् । सो घटनाबाट नागरिकको स्वतन्त्ररुपमा बसोबास गर्न पाउने हक, सार्वजनिक स्थलमा विना रोकतोक प्रवेश गर्न पाउने हक तथा सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन हुन गएको छ ।

राज्यले संवैधानिक रुपमा दलितको मानव मर्यादा तथा आत्मसम्मानमा चोट पुग्ने गरी कुनैपनि गतिविधि कसैले पनि गर्न नहुने कुराको सुनिश्चित गरेको छ । साथै हालै निर्माण गरिएको जातीय भेदभाव तथा छुवाछूत (अपराध र कसुर सजाय) ऐन, २०६८ ले समेत यस्तो कार्यलाई दण्डनीय बनाएको छ । त्यस्तै, छुवाछूतमुक्त राष्ट्र घोषणा दिवसको सन्दर्भमा हालै दलित नागरिक समाजको तर्फबाट संयुक्त रुपमा आयोजना गरिएको १२ दिने राष्ट्रिय अभियानको क्रममा सरकार तथा प्रमुख राजनीतिक दलहरुले जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई व्यवहारत : अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेको एकहप्ता समेत बित्न नपाउँदै भएको यस्तो आपराधिक घटना निन्दनीय एवं दण्डनीय हो ।

तसर्थ, हामी दलित नागरिक समाजको तर्फबाट यस्ता बर्बरतापूर्ण साङ्घातिक आक्रमण रोक्न नेपाल सरकारलाई आव्हान गर्दै निम्न माग तथा कार्यक्रमको घोषणा गर्दछौं ।

**मागहरू :**

१.उच्चस्तरीय छानविन समिति यथाशिघ्र गठन गर्नुपर्ने र उक्त समितिमा दलित समुदायको अनिवार्य सहभागिता गराइनुपर्ने ।
२. घटनामा संलग्न दोषीहरुलाई अविलम्ब पक्राउ गरी कानुनी कारबाही गरियोस् ।
३.पीडितहरुको जीवन सुरक्षाको व्यवस्था गरियोस् । साथै, घाइतेहरुको तत्काल उपचारको उचित व्यवस्था गरियोस्
४. उनीहरुलाई आवश्यक पर्ने राहत सामग्रीको तत्काल व्यवस्था गरियोस् ।
५. तोडफोड भएका घरहरुको पुनर्निमाण सम्बन्धी कार्यक्रम सरकारी तर्फबाट अविलम्ब पहल गरियोस् ।
६. उच्चस्तरीय छानविन समिति यथाशिघ्र गठन गर्नुपर्ने र उक्त समितिमा दलित समुदायको अनिवार्य सहभागिता गराइनुपर्ने । उपरोक्त मागहरु नेपाल सरकारले सम्बोधन नगरेसम्म हाम्रो आन्दोलन कडारुपमा जारी रहने अवगत गराउँदछौं ।

**आन्दोलनका कार्यक्रमहरू :**

१.पत्रकार सम्मेलन गर्ने,
२. सत्यतथ्य पत्ता लगाउन दलित नागरिक समाजको टोली घटनास्थलमा अनुगमनका लागि जाने,
३. सिंहदरबार घेराउ गर्ने,
४. सरकार प्रमुख, गृहमन्त्री तथा प्रहरी प्रमुखलाई घटनाका बारेमा ज्ञापनपत्र बुझाउने,
५. घटनास्थलमा कोणसभा गर्ने,
६. देशभरका प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाई धर्ना दिने ।

राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, नेपाल प्रहरी, मानवअधिकारकर्मी, सञ्चारकर्मी तथा अन्य सरोकारवालाई न्यायका पक्षमा उभिन तथा दोषीमाथि कडाभन्दा कडा कानुनी कारबाही दिलाउने अभियानमा ऐक्यवद्धताका लागि दलित नागरिक समाजका तर्फबाट हामी सबैमा हार्दिक आव्हान गर्दछौं ।

पुनश्च : उपर्युक्त मागहरु नेपाल सरकारद्वारा तत्काल सम्धोधन नगरिएमा दलित नागरिक समाजले थप कार्यक्रम सहित दोस्रो चरणको कडा आन्दोलनको घोषणा गर्न हामी बाध्य हुनेछौं ।

**दलित नागरिक समाजका तर्फबाट**

....................

गजाधर सुनार

अध्यक्ष, दलित गैर सरकारी संस्था महासंघ

दुर्गा सोब, अध्यक्ष, दलित महिला संघ

भक्त विश्वकर्मा, अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

रेम विश्वकर्मा, अध्यक्ष, जागरण मिडिया सेन्टर

सुशील वि.के, अध्यक्ष, नेपाल दलित मानवअधिकार संगठन

अमृत विश्वकर्मा, अध्यक्ष, जनउत्थान प्रतिष्ठान

गोपाल सुनार, अध्यक्ष, समानताको लागि जागरण केन्द्र नेपाल (एस नेपाल)

सेवल राम, अध्यक्ष, राम समाज कल्याण मञ्च

सन्तोष विश्वकर्मा, सचिव, दलित सेवा संघ

विजय विश्वकर्मा, नीति वकालत संयोजक, समता फाउण्डेशन

डालबहादुर विश्वकर्मा, पिडीआरसी

श्याम सुनार, आर डि एन

राजेश वि.सी. ल्यानकाउ

श्याम नेपाल, सामाजिक शान्तिकर्मी

रामबहादुर तिरुवा, केपी डिसी, नेपाल
गौरा नेपाली, एडवान